छलफल तथा निर्णयहरु

१. राष्ट्रिय विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७४ को दफा १५ (१) को (क) र (ख) लाई देहाय बमोजिम संशोधन गर्ने:

(क) राष्ट्रिय विकास स्वयंसेवक सेवामा प्राप्त आवेदनहरुलाई सम्वन्धित विषयक्षेत्रको सम्वन्धित पदका उम्मेदवारहरुले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको प्राप्ताङ्क प्रतिशतको योग्यताक्रमका आधारमा गरिनेछ । कुनै विशेष विषयक्षेत्र र विज्ञता भएको जनशक्ति छनौट गर्न अन्तरवार्ता लगायतका अन्य विधि अवलम्वन गर्न उपयुक्त देखिएमा कार्यकारी समितिको निर्णयबाट गर्न सकिनेछ ।

२. राष्ट्रिय विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७४ को दफा १५ (१) को (ग) लाई देहाय बमोजिम संशोधन गर्ने:

(ख) स्वयंसेवक छनौटमा समावेशीप्रावधानको अवलम्वनसामाजिक समूह, भौगोलिक क्षेत्र र अपाङ्गताकाआधारमागरिने छ । समावेशिताको भारको गणना निजामति सेवा ऐन, २०४९ को दोस्रो संशोधन २०६४ को दफा (७) को उपदफा (७) मा भएको व्यवस्था बमोजिम गरिनेछ ।

३. संघीयताको कार्यान्वयनसँगै केन्द्रीय सरकारले गरिरहेका कामहरु प्रादेशिक सरकार र स्थानीय सरकारमा स्थानान्तरण हुँदै जाने क्रममा राष्ट्रिय योजना आयोगद्वारा संचालित राष्ट्रिय स्वयंसेवक सेवा कार्यक्रमलाई कसरी संचालन गर्न आवश्यक छ भन्ने सम्वन्धमा देहायको कार्यशर्तसहित २१ दिन भित्र प्रतिवेदन पेश गर्ने गरी देहाय बमोजिम कार्यदल गणन गर्ने ।

समिति

| | |
|---|---|
| १. माननीय सदस्य डा. अरविन्दकुमार मिश्र | - संयोजक |
| २. डा. तीर्थराज ढकाल, सहसचिव | - सदस्य |
| ३. श्री विजुकुमार श्रेष्ठ, सहसचिव | - सदस्य |
| ४. श्री शिवराज चौलागाई, निर्देशक | - सदस्य सचिव |

## समितिको कार्यशर्त

क) विद्यमान राष्ट्रिय स्वयंसेवक सेवा कार्यक्रमलाई संघीय शासकीय व्यवस्था अनुरुप प्रभावकारी रुपमा संचालन गर्न आवश्यक पर्ने सांगठनिक स्वरुप, सञ्चालन विधि र काम, कर्तव्य तथा जिम्मेवारीहरु,

ख) राष्ट्रिय स्वयंसेवक सेवा कार्यक्रमका सम्वन्धमा केन्द्र, प्रदेश तथा स्थानीय तहबाट गर्नुपर्ने कार्य, विषयक्षेत्र र ढाँचा,

ग) विभिन्न भौगोलिक तथा विषयक्षेत्रमा आवश्यक जनशक्ति र विज्ञताको खाँचो पुरा गर्नसक्ने नयाँ किसिमका स्वयंसेवक सेवा कार्यक्रमहरु (New Volunteer Schemes) तथा तिनको परिचालन विधि एवं स्वरुप,

घ) राष्ट्रिय विकास स्वयंसेवा कार्यक्रमलाई सरकारका अन्य तहमा स्थानान्तरण गर्न आवश्यक देखिएका विषयक्षेत्र, विशेषज्ञता एवं जनशक्ति परिचालन विधि ।

ङ) राष्ट्रिय विकास स्वयंसेवा कार्यक्रमलाई अझ प्रभावकारी ढंगमा सञ्चालन गर्न कार्यदलले आवश्यक ठानेका अन्य विषयहरु ।